**जिल्ला विकास समितिको कार्यालय ललितपुरको आ.व. २०७१। ०७२ को जिल्ला स्तरीय वार्षिक प्रगति समिक्षा :**

जिल्ला विकास समिति, ललितपुरको आ.व. २०७१।७२ को वार्षिक प्रगती समीक्षा मिति २०७२।५।१७ गते स्थानीय विकास अधिकारी श्री पशुपति पोखरेलज्यूको अध्यक्षताम जिल्ला विकास समितिको कार्यालय ललितपुरको हलमा सु-सम्पन्न भयो । माननीय संविधान सभासद्हरु श्री चन्द्र महर्जन, श्री उदय शमशेर राणा, श्री शुशिला नेपाल, श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री यादव प्रसाद कोईराला, प्रहरी वरिष्ठ उपरिक्षक श्री पीताम्बर अधिकारी, कार्यकारी अधिकृत, लपु उमनपा श्री तारा बहादुर कार्की, कार्यकारी अधिकृत, कार्यविनायक नपा श्री हेमराज भूसाल, कार्यकारी अधिकृत, महालक्ष्मी नपा श्री कृष्ण प्रसाद सापकोटा, कार्यकारी अधिकृत, गोदावरी नपा, श्री इन्द्र गौतम, जिल्ला विकास समिति ललितपुरमा प्रतिनिधित्व गर्नुहुने पार्टीका तर्फबाट नेपाली काँग्रेसका श्री भीमसेन घिमिरे, ने.क.पा.( एमाले)का श्री श्यामकृष्ण सिलवाल, ने.क.पा.एमाओवादीका न्हुच्छे महर्जन, रा.प्र.पा. नेपालका श्री कमल विष्ट , ने.क.पा.मालेका श्री केदार गिरी, ने.क.पा.माओवादीका श्री भीमसेन घिमिरे विपिन, ने.क.पा.-माओवादी श्री मन्जली शाक्य, जिल्लास्थित विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला समन्वय समितिका उपाध्यक्षहरु, गा.वि.स. सचिवहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार वन्धुहरु एवं जिल्ला विकास समिति ललितपुरका कर्मचारीहरु उपस्थित रहेको थियो ।

**स्वागत मन्तव्य :** प्रमुख जिल्ला इन्जिनियर कमल जैसी

**उद्घघाटन :** संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री माधव रेग्मीज्यूवाट पानसमा वत्ति वालेर भएको थियो ।

**प्रगति समिक्षा:** विषयगत कार्यालयहरुवाट प्रस्तुतिको क्रममा आ-आफ्ना कार्यालयको वार्षिक प्रगति समिक्षा प्रस्तुत भएको थियो ।

१. जिल्ला वन कार्यालयका प्रमुख, डा. विनोद देवकोटाज्यूबाट

२. जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत श्री दिपककुमार शर्माज्यूबाट

३. महिला तथा वालवालिका कार्यालय प्रमुख, प्रमुख महिला विकास अधिकृत श्री शारदा विजुच्छेज्यूबाट

४. जिल्ला विकास समिति स्थानीय विकास अधिकारी श्री पशुपतिपोखरेलज्यूबाट

५. जिल्ला शिक्षा कार्यालय सहायक प्रमुख जिल्लाअधिकारी श्री खेम पोखरेलज्यू

६. डिभिजन सडक कार्यालय प्रतिनिधि इन्जिनियर श्री आरती शाहज्यूबाट

बांकी कार्यालयहरुको समिक्षा पुस्तिकामा समावेश गरीने व्यवस्था रहेको थियो र

**मन्तव्य तथा सुझावहरुः**

**संघिय मामिला तथा स्थानीयविकास मन्त्रालयका सचिवश्री माधव प्रसाद रेग्मी**

- भुकम्प प्रभावित यस ललितपुर जिल्लामा घाइते हुनु हुने सम्पूणलाई स्वास्थ्यलाभको कामना
- भूकम्पको समयमा पनि प्रगति हांसील गरेकोमा सवैलाई धन्यवाद ।
- जनप्रतिनिधि विहिन अवस्थामा कर्मचारीहरुले जनतालाई प्रतिनिधिको कमि महशुस नहुनेगरी कार्य शुसासन कायमगर्न  आग्रह ।
- बेरुजु फर्छयोट गर्न र वेरुजु आउन नदिने गरी कार्य गर्न स्थानीय निकायका कर्मचारीहरुलाई आग्रह।
- सरकारी जग्गा,सार्वजनिक सम्पतिको हिनामिना हुन नदिन सिफारी गर्दा ध्यान दिन कर्मचारीहरुलाई आग्रह
- प्रमुख जिल्ला अधिकारी विकासकाकार्यको अनुगन गर्न सकिह रहनु हुने छ ।
- गैससहरुले पारदर्शि भएर कार्य गर्न जिविस र गाविसमा समन्वय गरेर कार्य गर्न पर्ने तथा जनताका हितमा कार्य गर्न अनुरोध ।
- स्थानीय निकायमा कार्य गर्ने कर्मचारीको भूमिका महत्वपूर्ण भएकाले जिम्वेवार ढंगले कार्य गर्न अनुरोध ।
- भूकम्पको क्षतिपश्चातपुन संरचना र पुननिर्माणमा अनियमितता रोकीकार्य गर्न आग्रह ।
- नगरपालीका घोषणाभएको छ । कर्मचारी वढुवा व्यवस्थापन गर्न आग्रह ।

**संविधान सभाकामाननीय सभासदश्री उदयशमसेर राणाः**

- स्थानीय निकायमा जनप्रतिनिधिहरु नभएकाले विनियोजित वजेट खर्च हुन सकेको छैन ।
  ललितपुरमा र निर्वाचन क्षेत्र नं १मा राम्रोवजेट परेको कुरा रातो कितावले देखाउंदछ ।
- जिविसले आम्दानीको श्रोत वढाउन पर्दछ । ढुंगा खानी र कसर उद्योगलाई व्यवस्थित गर्न जिविसलाई आग्रह
- मिनरलवाटर र पटके करका विषयमा गुनासालाई ध्यानदिन जिविसलाई आग्रह ।
  विकासका कार्यमा सवै मिलेर गर्न पर्दछ ।

**प्रमुख जिल्ला अधिकारी श्री यादवप्रसादकोइरालाः**

- योजना तर्जुमा र समिक्षा दुवै महत्वपूर्ण कुरा  भएकाले सवैले आफ्ना कुरा राख्ने र अरुका कुरा सुन्ने वानी वसाल्न जरुरी छ।
- प्रगति समिक्षामा हामीले गरेका कामले काहां काहां के के प्रभावपारेका छन त्यसका आधारमा आउंदादिनहरुमा योजना वनाउन मार्ग निर्देश हुने हुनाले प्रभावलाई औल्याउन पर्ने र आउट पुट देखिन पर्ने हुन्छ ।
- सवै विषयगतकार्यालयको प्रगति समिक्षालाई समेटेर पुस्तिका प्रकाशन गर्नु पर्ने हुन्छ ।

जिल्लामा प्रतिनिधित्व गर्ने  राजनैतिकदलका प्रतिनिधिहरुका तर्फवाट नेपाली कांग्रेस**का श्री भिमसेन घिमिरेले** आफ्नो मन्तव्यमा निम्न सुझावहरु राख्नु भएको थियो ।

- जिल्लामा भएका विषयगत कार्यालयहरुले वार्षिक कार्यक्रमहरु वनाउंदा राजनैतिकदलक ाप्रतिनिधिहरुलाई पनि समावेस गरी कार्यक्रम वनाउन पर्ने ।
- ढुंगा खानी संचालनहुन पर्ने ।
- विषयगत कार्यालयहरुले पनि सार्वजनिक सुनुवाई कार्यक्रम राख्न पर्ने ।
- विषयगत कार्यालयहरुले योजनाहरुको अनुगमनकार्यलाई अगाडि वढाउन पर्ने

**स्थानीय विकास अधिकारी पशुपति पोखरेल**

समापनकाक्रममा जिल्लामा चार जना उपाध्यक्षज्यूहरु(महिला , आदिवासी जनजाती,अपाङ्ता, तथा दलितवर्ग उत्थान) आउनु भएको छ । सवै विषयगत कार्यालयहरुले समन्वय गरेर कार्य गर्न अनुरोध गर्दै सवैलाई धन्यवाद दिंदै गोष्ठीको समापन गर्नु भएको थियो  ।

**कार्यक्रमका तस्वीरहरु**




**जिल्ला स्तरीय वार्षिक प्रगती समिक्षाको समुद्घाटन गर्नुहुँदै प्रमुख अतिथि – सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, श्री माधव प्रसाद रेग्मीज्यू**



कार्यक्रमका प्रमुख अतिथि सचिवज्यू, माननीय सभासद् श्री शुशिला नेपालज्यू, प्रमुख जिल्ला अधिकारी श्री यादव प्रसाद कोईरालाज्यू, र अतिथि - सहसचिव डा. श्री हरि पौडेलज्यू



कार्यक्रमका अध्यक्ष स्था.वि.अ. श्री पशुपति पोखरेल, प्रहरी वरिष्ठ उपरिक्षक श्री पीताम्वर अधिकारीज्यू, तथा राजनेतिक दलका प्रतिनिधिहरु




विषयगत कार्यालयका प्रमुखहरु तथा अन्य अतिथिहरु □कार्यक्रमका सहभागीहरु




जिल्ला विकास समितिको कार्यालय, ललितपुरको प्रस्तुतीकरण गर्नुहुँदै स्थानीय विकास अधिकारी श्री पशुपति पोखरेल